# बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## जयगढ, अछाम

## सुदूरपश्चिम प्रदेश, नेपाल

बान्नीगढी जयगढ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जयगढ, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

बैठक संख्या:- १८

आज मिति २०८३ असार ०९ गते मंगलबारका दिन विहान ७:०० बजे बान्नीगढी जयगढ गाउँपालिकाका अध्यक्ष श्री टेक बहादुर साउँद ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

देहाय:

| क्र.स. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री टेक बहादुर साउँद | अध्यक्ष | [signature] |
| २ | श्री बिन्दु रावल | उपाध्यक्ष | [signature] |
| ३ | श्री गजेन्द्र बहादुर खड्का | वडा अध्यक्ष/कार्यपालिका सदस्य | [signature] |
| ४ | श्री नेत्र बहादुर साउद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | [signature] |
| ५ | श्री नवराज साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | [signature] |
| ६ | श्री किरन बहादुर खत्री | वडा अध्यक्ष/कार्यपालिका सदस्य | [signature] |
| ७ | श्री टंक बहादुर साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | [signature] |
| ८ | श्री जगत बहादुर थापा | वडा अध्यक्ष/कार्यपालिका सदस्य | [signature] |
| ९ | श्री तुलसी थापा | कार्यपालिका सदस्य | तुलसी |
| १० | श्री ललिता देवी स्वार | कार्यपालिका सदस्य | ललिता |
| ११ | श्री पदमा साउद | कार्यपालिका सदस्य | पद्मा |
| १२ | श्री पशुपति कुमारी लुहार सुनार | कार्यपालिका सदस्य | [signature] |
| १३ | श्री तर्क टमट्टा | कार्यपालिका सदस्य | [signature] |
| १४ | श्री मोहनलाल ताम्राकार टमट्टा | कार्यपालिका सदस्य | [signature] |
| १५ | श्री सुरेश प्रसाद जैसी | प्र.प्र.अ./ सचिव | [signature] |

आमन्त्रित:-

१. श्री झनक रेग्मी प्रशासकीय अधिकृत [signature]

२. श्री अमृत प्रसाद जोशी - लेखा अधिकृत [signature]

३. श्री - कैलाश बलायर - [illegible] [signature]

CamScanner

आमन्त्रित

४. श्री गणेश बहादुर सुनार रोजगार संयोजक
५. श्री तिलक ढकुल्ला
६. श्री बल बहादुर साँउद MIS
७. श्री लोकेन्द्र ढकुल्ला (पूर्वाधार शाखा)
श्री दिपेन्द्र साउद अधिकृत (प्रशासन)
श्री बसन्त बहादुर रावल (स्वास्थ्य शाखा प्रमुख)
श्री रिकु कुमार (सूचना प्रविधि अधिकृत)
श्री लोकेन्द्र बहादुर शाही - प०चि०, पशु सेवा शाखा
श्री गोबिन्द खलाती मगर कृषि स्नातक

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या:- १८

निर्णयहरु:

**निर्णय नं. १ : चालु आर्थिक वर्ष २०८२/०८३ को चालु खर्चको वार्षिक समीक्षा गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा चालु आर्थिक वर्ष २०८२/०८३ को चालु खर्चको वार्षिक समीक्षा गर्दा स्वीकृत बजेट तथा कार्यक्रम अनुसार हालसम्मको वित्तीय प्रगति, खर्चको अवस्था, मितव्ययिता तथा वित्तीय अनुशासनको समग्र मूल्याङ्कन गरियो। समीक्षा पश्चात् बाँकी अवधिमा स्वीकृत बजेटको सीमाभित्र रही आवश्यक र औचित्यपूर्ण खर्च मात्र गर्ने, खर्च कार्यान्वयनलाई प्रभावकारी बनाउने तथा प्रचलित कानुन, आर्थिक कार्यविधि एवं वित्तीय उत्तरदायित्व सम्बन्धी व्यवस्थाको पूर्ण पालना गर्दै लक्ष्य अनुसार वित्तीय प्रगति हासिल गर्न सम्बन्धित शाखा तथा वडा कार्यालयहरूलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. २ : निर्माण आयोजनाको फरफारक सम्बन्धमा।**

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकाबाट सञ्चालित ठूला निर्माण आयोजनाहरूको पारदर्शिता, जवाफदेहिता तथा प्रभावकारी अनुगमन सुनिश्चित गर्ने उद्देश्यले अब उप्रान्त गाउँपालिकाबाट सञ्चालन हुने ठूला निर्माण आयोजनाहरूको अन्तिम फरफारक कार्यपालिकाबाट अनुमोदन गर्ने व्यवस्था लागू गर्ने निर्णय गरियो। यस प्रयोजनका लागि सम्बन्धित प्राविधिकबाट कार्यसम्पन्न प्रतिवेदन, नापी किताब, आवश्यक परीक्षण प्रतिवेदन, बिल भरपाई, कर कट्टी तथा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित आर्थिक कार्यविधि एवं वित्तीय उत्तरदायित्व सम्बन्धी कानुन बमोजिम आवश्यक सम्पूर्ण कागजात र प्रक्रिया पूरा भएको पुष्टि भएपछि मात्र कार्यपालिकामा फरफारक अनुमोदनका लागि पेश गर्ने तथा कार्यपालिकाबाट अनुमोदन भएपछि प्रचलित कानुनबमोजिम अन्तिम बिल भुक्तानी र फरफारकको बाँकी प्रक्रिया प्रमुख प्रशासकीय अधिकृतबाट सम्पन्न गर्ने निर्णय गरियो।

**निर्णय नं. ३ : "अगुवा कृषकलाई अन्तर जिल्ला अवलोकन भ्रमण" कार्यक्रमको खर्च अनुमोदन गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा छलफल गर्दा यस बान्नीगढी जयगढ गाउँपालिकाको आ.व. २०८२/०८३ को कृषि विकास उपशाखाको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत "अगुवा कृषकलाई अन्तर जिल्ला अवलोकन भ्रमण" कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा कार्यपालिकाको पूर्व निर्णय बमोजिम गाउँपालिकाका निर्वाचित

पदाधिकारीहरू, आर्थिक विकास शाखामा कार्यरत कर्मचारीहरू, सबै वडाबाट प्रतिनिधित्व हुने गरी अगुवा कृषकहरू तथा सम्बन्धित सरोकारवालाहरूको सहभागितामा मिति २०८३।०२।०४ गतेदेखि २०८३।०२।१० गतेसम्म अन्तर जिल्ला अवलोकन भ्रमण सम्पन्न भएको र भ्रमण सञ्चालनका क्रममा स्वीकृत बजेटको सीमाभित्र रही जम्मा रु. ४,५०,०००।०० (अक्षेरुपी चार लाख पचास हजार रुपैयाँ मात्र) खर्च भएको जानकारी प्राप्त भयो। उक्त खर्च स्वीकृत कार्यक्रम, विनियोजित बजेट, भ्रमणसम्बन्धी निर्णय तथा प्रचलित कानुनबमोजिम भएको पुष्टि भएकाले सो खर्चलाई कार्यपालिकाबाट अनुमोदन गर्ने तथा आवश्यक बिल, भरपाई, भ्रमण प्रतिवेदन, सहभागी विवरण लगायतका कागजात संलग्न राखी प्रचलित कानुनबमोजिम लेखाङ्कन, भुक्तानी तथा फरफारक गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ४ : डौठेगडा मेला तथा सैनेगडा मेला व्यवस्थापन खर्च अनुमोदन गर्ने सम्बन्धमा।</u>

प्रस्तुत विषयमा छलफल गर्दा यस बान्नीगढी जयगढ गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अन्तर्गत स्थानीय कला, संस्कृति, परम्परा तथा धार्मिक सांस्कृतिक सम्पदाको संरक्षण एवं प्रवर्द्धन गर्ने उद्देश्यले वडा नं. १ मा आयोजना हुने डौठेगडा मेला व्यवस्थापन खर्चका लागि रु.एक लाख पचास हजार तथा वडा नं. ४ मा आयोजना हुने सैनेगडा मेला व्यवस्थापनका लागि रु. एक लाख बजेट विनियोजन भएकोमा स्वीकृत बजेटको परिधिभित्र रही भएको खर्चको विवरण पेश हुन आएकोले उक्त खर्च स्वीकृत कार्यक्रम, विनियोजित बजेट तथा प्रचलित कानुन बमोजिम मेला व्यवस्थापनमा खर्च भएको पुष्टि भएको हुँदा सो खर्चलाई कार्यपालिकाबाट अनुमोदन गर्ने तथा आवश्यक बिल, भरपाई, सिफारिस, कार्यक्रम प्रतिवेदन लगायतका प्रमाण कागजात संलग्न राखी प्रचलित कानुन बमोजिम लेखाङ्कन, भुक्तानी तथा फरफारक गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ५ : गाउँ शिक्षा समितिका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा।</u>

प्रस्तुत विषयमा छलफल गर्दा गाउँ शिक्षा समितिको मिति २०८३।०२।३१ मा बसेको बैठकबाट भएका निर्णयहरू अनुमोदनका लागी गाउँ कार्यपालिकामा पेश हुन आएकोले अध्ययन एवं छलफल गरियो। उक्त निर्णयहरू शिक्षा सम्बन्धी कानुन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुन बमोजिम देखिएकाले सो बैठकबाट भएका देहाय बमोजिमका निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो:

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या:- १८

<u>निर्णय नं. १:</u> माथि छलफल गर्दा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार निर्माण गरिएको कक्षा ६ देखि ८ सम्मको स्थानीय पाठ्यपुस्तक "बान्नीगढी सेरोफेरो" लाई यस बान्नीगढी जयगढ गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण विद्यालयहरूमा शैक्षिक सत्र २०८३ देखि कार्यान्वयनमा ल्याउन स्वीकृतिका लागि बान्नीगढी जयगढ गाउँ कार्यपालिकाको बैठकलाई सिफारिस गर्ने निर्णय गरियो।

<u>निर्णय नं. २:</u> माथि छलफल गर्दा विद्यालयहरूबीच शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, स्वस्थ प्रतिस्पर्धाको भावना विकास गर्न, शिक्षकहरूको मनोबल उच्च राख्न र विद्यार्थीहरूको सिकाइ उपलब्धिलाई थप सुदृढ बनाउन उत्कृष्ट विद्यालयहरूलाई शिक्षा युवा तथा खेलकुद शाखाको आ. व. २०८२/०८३ को स्विकृत कार्यक्रम अनुसार शैक्षिक सत्र २०८२ को आधारभूत तह कक्षा ८ को उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई तपसिलको रकम क्रमशः २५/२५ हजार प्रोत्साहन अनुदान वितरण गर्न गाउँ कार्यपालिकाको बैठकलाई सिफारिस गर्ने निणर्य गरियो ।

<u>तपसिल:</u>

| क्र.स. | विद्यालयको नाम | ठेगाना | परीक्षामा सहभागी विद्यार्थी संख्या | नियमित परीक्षामा उत्तिर्ण विद्यार्थी संख्या | ग्रेड वृद्धी परीक्षामा उत्तिर्ण विद्यार्थी संख्या | जम्मा उत्तिर्ण विद्यार्थी संख्या | उत्तिर्ण प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री राष्ट्रभाषा मा. वि. | गाँज्रा | ११ | १० | ० | १० | ९०.९० | |
| २. | श्री सरस्वती मा. वि. | जयगढ | ८१ | ४७ | १९ | ६६ | ८१.४८ | |
| ३. | श्री जनज्योती आ. वि. | धारासैन | ३८ | २४ | १३ | ३७ | ९७.३६ | |
| ४. | श्री अलकनन्दा मा.वि. | तिमिल्सैन | ४० | ३४ | ४ | ३८ | ९५.०० | |
| ५. | श्री नन्दा मा.वि. | कालिका | १६ | १६ | ० | १६ | १०० | |
| ६. | श्री शान्नीकोट आ.वि. | बाँच्कोट | १७ | १७ | ० | १७ | १०० | |
| ७. | श्री विन्ध्यवासिनी मा.वि. | माझेठाना | ३९ | ११ | २३ | ३४ | ८७.१७ | |
| ८. | श्री ऐश्वर्य मा.वि. | दर्ना | ३९ | ३६ | २ | ३८ | ९७.४३ | |
| | | | २८१ | १९५ | ६१ | २५६ | ९१.१० | |

बैठक संख्या:- १८

माथि उल्लेखित तुलनात्मक तालिका अनुसार सत प्रतिशत विद्यार्थी उत्तिर्ण गर्न सफल विद्यालय श्री शान्नीकोट आधारभूत विद्यालय र श्री नन्दा माध्यमिक विद्यालयको देखियो ।

निर्णय नं. ४: माथि छलफल गर्दा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा स्वीकृत 'सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७' को परिच्छेद—३ मा व्यवस्था भए बमोजिमका विद्यालय समायोजन एवम् एकीकरणका आधारहरूलाई मुख्य कानुनी मार्गदर्शक, विभिन्न समयमा गरेको विद्यालय र बालविकास केन्द्रको अनुगमन प्रतिवेदन, मिति २०८२।०१।२४ गते सम्पन्न सर्वपक्षीय छलफलका आधारमा विद्यार्थी सङ्ख्या न्यून भई पठनपाठन र व्यवस्थापकीय रूपमा निरन्तरता दिन कठिनाइ भएका तपसिलका विद्यालय तथा समुदायमा सञ्चालित बालविकास केन्द्रहरूलाई भौगोलिक निकटता (दुरी), भौतिक पूर्वाधारको उपलब्धता र विद्यार्थीको पहुँचलाई समेत मध्येनजर गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) ले स्थानीय तहलाई दिएको शिक्षा सम्बन्धी अधिकार र उक्त कार्यविधिको व्यवस्थाको अधीनमा रही, तपसिल बमोजिमका विद्यालय र बालविकास केन्द्रहरूलाई तपसिलका विद्यालयमा समायोजन (मर्ज) गर्ने कार्यको अन्तिम स्वीकृतिका लागि बान्नीगढी जयगढ गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकलाई सिफारिस गर्ने निर्णय गरियो ।

तपसिल:

बालविकास मात्र रहने गरी समायोजन हुने विद्यालयहरु:

| बालविकास मात्र रहने विद्यालय | ठेगाना | हाल सञ्चालित कक्षा | समायोजन हुने विद्यालय | ठेगाना |
|---|---|---|---|---|
| श्री आदर्श आ.वि. | तिमिल्सैन | १-३ | श्री अलकनन्दा मा.वि. | तिमिल्सैन |
| श्री जाल्पादेवी आ.वि. | बरकाना | १-३ | श्री शान्नीकोट आ.वि. | बाँच्कोट |

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या:- १८

| पूर्ण रुपमा समायोजन हुने विद्यालय र बालविकास केन्द्रहरु: | | | | |
|---|---|---|---|---|
| विद्यालय/बालविकास केन्द्रको नाम | ठेगाना | हाल सञ्चालित कक्षा | समायोजन हुने विद्यालय | ठेगाना |
| श्री नरमोती बा.वि.केन्द्र | बा.ज.गा.पा. -१ | बालविकास | श्री सरस्वती मा.वि. | जयगढ |
| श्री मष्टेश्वरी आ.वि. | बा.ज.गा.पा. - ६ | १-३ | श्री ऐश्वर्य मा.वि. | दर्ना |

निर्णय नं. ५ माथि छलफल गर्दा यस बान्नीगढी जयगढ गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपात तथा विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी न्यून वा बढी भई असन्तुलन रहेको पाइएकाले "शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६" मा उल्लेखित कानुनी व्यवस्था बमोजिम तपसिल बमोजिमका विद्यालयहरूमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको दरबन्दी मिलान एवं पदस्थापन गर्नका लागि अर्को व्यवस्था नहुन्जेलसम्म कामकाजमा पठाउन बान्नीगढी जयगढ गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकलाई सिफारिस गर्ने निर्णय गरियो।

तपसिल:

| क्र.स. | शिक्षकको नामथर | पद | तह | हाल कार्यरत विद्यालय | पदस्थापना गर्नुपर्ने विद्यालय | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | श्री टंक कुमारी खड्का | शिक्षक | प्रा.वि. | श्री आदर्श आ.वि. | श्री नवदुर्गा आ.वि. | |
| २. | श्री सुनिता थापा | शिक्षक | प्रा.वि. | श्री जाल्पादेवी आ.वि. | श्री शान्नीकोट आ.वि. | |
| ३. | श्री मदन बहादुर धामी | शिक्षक | प्रा.वि. | श्री मष्टेश्वरी आ.वि. | श्री बालकल्याण आ.वि. | |
| ४. | श्री लक्ष्मी कुमारी जोशी | बा.स. | बालविकास | श्री नरमोती बा.वि.के. | श्री सरस्वती मा.वि. | |
| ५. | श्री चन्द्रा देवी धामी | बा.स. | बालविकास | श्री मष्टेश्वरी आ.वि. | श्री ऐश्वर्य मा.वि. | |

CamScanner

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः- १८

| क्र.स. | शिक्षकको नामथर | पद | तह | हाल कार्यरत विद्यालय | पदस्थापना गर्नुपर्ने विद्यालय | कैफियत |
|---|---|---|---|---|---|---|
| ६. | श्री धनसिंह कडारा | का.स. | | श्री मष्टेश्वरी आ.वि. | श्री बालकल्याण आ.वि. | |
| ७. | श्री भुपेन्द्र शाह | शिक्षक | प्रा.वि. | श्री नवदुर्गा आ.वि. | श्री जनज्योती आ.वि. | |
| ८. | श्री सरस्वती कुमारी शाह | शिक्षक | प्रा.वि. | श्री बालकल्याण आ.वि. | श्री ऐश्वर्य मा.वि. | |

विद्यालयको आवश्यकता र शिक्षकको शैक्षिक योग्यता र विषय मिलानका लागि श्री नवदुर्गा आ.वि. को स्थायी दरबन्दी कटौति गरि राहत दरबन्दी कायम गर्ने र श्री बाल कल्याण आ.वि. को राहत दरबन्दी कटौति गरि स्थायी दरबन्दी कायम गर्ने ।

<u>निर्णय नं. ६</u> माथि छलफल गर्दा बान्नीगढी जयगढ गाउँपालिका वडा नं. ४ स्थित श्री आदर्श आधारभूत विद्यालयमा कार्यरत स्थायी शिक्षक श्री पुष्पराज शर्मा मिति २०८३।०२।१२ गते श्री अलकनन्दा माध्यमिक विद्यालयमा सरुवा भई जानुभएको र हाल श्री आदर्श आधारभूत विद्यालयमा विद्यार्थी संख्या अत्यन्त न्यून भएकाले उक्त विद्यालयमा रिक्त हुन आएको स्थायी शिक्षक दरबन्दीलाई विद्यार्थी संख्या बढी भएको र शिक्षक संख्या न्यून भएको यस गाउँपालिकाको वडा नं. ०६ मा रहेको श्री श्री बाल कल्याण विद्यालय दर्ना काँडाकोटमा स्थानान्तरण गर्ने र सोही अनुसार पदपूर्तिको प्रक्रिया अगाडि बढाउन सम्बन्धित विद्यालयलाई पत्राचार गर्ने स्वीकृतिका लागि बान्नीगढी जयगढ गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकलाई सिफारिस गर्ने निर्णय गरियो।

CamScanner

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या:- १८

साथै, मिति २०८३/०३/०४ गतेको गाउँशिक्षा समितिको बैठकबाट सिफारिस भई आएका देहाय बमोजिमका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो:

देहाय:

निर्णय नं. १: माथि छलफल गर्दा बान्नीगढी जयगढ गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरूमा कार्यरत विद्यालय कर्मचारीहरूलाई अर्को व्यवस्था नभएसम्मका लागि तपसिलको विद्यालयहरुमा कामकाजमा खटाउन बान्नीगढी जयगढ गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकलाई सिफारिस गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.स. | शिक्षकको नामथर | पद | तह | हाल कार्यरत विद्यालय | कामकाजमा खटाउनु पर्ने विद्यालय | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | श्री नृप वहादुर खत्री | का.स. | | श्री आदर्श आ.वि. | श्री नवदुर्गा आ.वि. | |
| २. | श्री जैसरा साउद | का.स. | | श्री जाल्पादेवी आ.वि. | श्री शान्नीकोट आ.वि. | |
| ३. | श्री झपट वहादुर ओली | का.स. | | श्री शान्नीकोट आ.वि. | श्री नन्दा मा.वि. | |

निर्णय नं. ३ : माथि छलफल गर्दा यस बान्नीगढी जयगढ गाउँपालिकाको शैक्षिक विकास एवं सुदृढीकरणका लागि आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रममा समावेश गर्न तपसिल बमोजिमको शिक्षा नीति निर्माणका लागि गाउँपालिकालाई सिफारिस गर्ने निर्णय गरियो।

तपसिल:

१. बाल विकास केन्द्र तथा विद्यालयका कक्षाकोठा, फर्निचर र ICT सामग्रीको मर्मत सम्भार गरी गुणस्तरीय एवं बालमैत्री पूर्वाधार विकासमा जोड दिइनेछ। बाल विकास केन्द्रहरूमा आवश्यक शैक्षिक सामग्री, सीपयुक्त सहजकर्ता र बालमैत्री वातावरणको सुनिश्चितता गरिनेछ।

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः- १८

२. सम्पूर्ण माध्यमिक विद्यालयहरूमा कम्तीमा १/१ वटा Smart Board को व्यवस्था गरी डिजिटल शिक्षालाई प्रोत्साहन गरिनेछ। साथै, विद्यालयका शैक्षिक तथ्याङ्कहरूलाई व्यवस्थित गर्न 'एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली' (IEMIS) को पूर्ण कार्यान्वयन गरिनेछ।

३. शिक्षा, विज्ञान, प्रविधि तथा नवप्रवर्तन र खेलकुदका कार्यहरूमा फरक क्षमता (अपाङ्गता) र प्रतिभावान बालबालिकाहरूको पहुँच बढाउन आवश्यक सामग्री तथा आर्थिक सहयोग उपलब्ध गराइनेछ।

४. शिक्षक कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि नियमित अनुगमन, मूल्याङ्कन तथा मागमा आधारित पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ।

५. विद्यालय कर्मचारी तथा बालविकास शिक्षकहरूलाई प्रोत्साहित गर्न नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिकमा नपुग रकमको व्यवेस्था गाउँपालिकाले गर्नेछ। गाउँपालिका मार्फत प्राप्त शिक्षण सिकाइ सहयोग अनुदानको सट्टा दरबन्दी नभएका वा न्यून भएका विद्यालयहरूमा 'शैक्षिक गुणस्तर सुधार अनुदान' कार्यक्रम लागू गरिनेछ साथै विद्यालय समायोजन तथा शिक्षक दरवन्दी मिलान कार्यलाई निरन्तरता दिइनेछ।

६. शिक्षक तथा कर्मचारीहरूले पाउने तलबभत्ता मासिक रूपमा निकासा गर्ने व्यवस्था मिलाइनेछ। साथै, सेवा निवृत्त हुन चाहने शिक्षक, कर्मचारी र बालविकास सहजकर्ताका लागि 'स्वर्णिम अवकाश' कार्यक्रम लागू गरिनेछ।

७. विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई आधारभूत शिक्षाको दायरामा ल्याउन बृहत् रूपमा अभिभावक शिक्षा तथा शैक्षिक जागरण अभियान सञ्चालन गरिनेछ। सिकाइ उपलब्धि परीक्षण, विद्यार्थी शिक्षक सम्मान, र मापदण्डमा आधारित सूचकका आधारमा विद्यालयहरूलाई प्रोत्साहन गरिनेछ।

८. कक्षा १ देखि ५ सम्मको पाठ्यक्रम कार्यान्वयनका लागि 'मूल्याङ्कन अभिलेखीकरण पुस्तिका'को व्यवस्था गरिनेछ। स्थानीय पाठ्यक्रमलाई समयानुकुल अद्यावधिक गरी कक्षा १ देखि ८ सम्मको पाठ्यपुस्तकलाई परिमार्जन गरिनेछ ।

९. विद्यालय तहको कक्षा ६ देखि ९ सम्मको वार्षिक परीक्षा सञ्चालन, अनुगमन र व्यवस्थापनको सम्पूर्ण कार्य गाउँपालिकाको समन्वयमा एकीकृत रूपमा गरिनेछ।

१०. विद्यालयको सर्वपक्षीय व्यवस्थापनमा सुधार ल्याउन वि.व्य.स., सि.अ.स. र प्रधानाध्यापकहरूको क्षमता विकासका लागि शैक्षिक भ्रमण र नियमित घुम्ती प्र.अ. बैठक आयोजना गरिनेछ।

११. विद्यालयहरूमा खानेपानी र शौचालयको स्तरोन्नति गरी 'विद्यालय स्वास्थ्य, सरसफाइ तथा पोषण कार्यक्रम'लाई प्रभावकारी बनाइनेछ। सामुदायिक विद्यालयका विद्यार्थीहरूको नियमित स्वास्थ्य जाँच, प्राथमिक उपचार, जुकाको औषधि, फोलिक एसिड तथा आइरन चक्की वितरण गरिनेछ। किशोरीहरूका

CamScanner

बान्नीगढी जयगढ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जयगढ, अछाम सुदूरपश्चिम प्रदेश, २०७३

बैठक संख्या:- १८

लागि सेनेटरी प्याडको सहज उपलब्धता र स्वास्थ्य सचेतनाका लागि वडा स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीहरूलाई परिचालन गरिनेछ।

१२. स्थानीय कृषि उपजमा आधारित विद्यालय दिवाखाजा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि दिवाखाजा मेनु (Menu) अद्यावधिक, भान्सेको क्षमता विकास, आवश्यक सामग्रीको व्यवस्था र सरोकारवालाहरूसँग नियमित छलफल गरिनेछ।

१३. स्थानीय खेलाडीहरूलाई प्रोत्साहित गर्न र उनीहरूको क्षमता विस्तार गर्न जिल्ला तथा सोभन्दा वाहिरका प्रतियोगिताहरूमा सहभागिता सुनिश्चित गरिनेछ। साथै खेल क्षेत्रको जग वलियो वनाउन आधारभूत र माध्यमिक तहका विद्यार्थीहरूका लागि विभिन्न विधाका खेलकुद प्रतियोगिताको आयोजना गरिनेछ।

१४. शिक्षा क्षेत्रलाई थप व्यवस्थित, पारदर्शी र जवाफदेही वनाउन आवश्यक पर्ने शिक्षा सम्वन्धी ऐन कानुनहरू निर्माण गरिनेछ र मौजुदा कानुनहरूलाई समयानुकूल परिमार्जन वा संशोधन गरिनेछ।

निर्णय नं. ५ को (क) माथि छलफल गर्दा गाउँ शिक्षा समितिको मिति २०८३/०२/३१ गतेका दिन भएको निर्णय नं. ४ को श्री मष्टेश्वरी आधारभूत विद्यालयमा बालविकास कायम गराउन निर्णय संशोधनका लागि गाउँ कार्यपालिकाको बैठकलाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८२ संशोधन तथा परिमार्जन सम्बन्धमा।

यस बान्नीगढी जयगढ गाउँपालिकाको गाउँसभावाट स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८२ स्वीकृत भएपश्चात् सुदूरपश्चिम प्रदेश सरकार, मन्त्रिपरिषद्वाट स्थानीय तहको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी मापदण्ड, २०८३ स्वीकृत भई कार्यान्वयनमा आएको तथा उक्त मापदण्डसँग प्रतिवेदनलाई अनुरूप बनाउन आवश्यक भएकाले प्रचलित कानुन र स्वीकृत मापदण्ड वमोजिम प्रतिवेदन संशोधन तथा परिमार्जन गर्ने निर्णय गरियो। उक्त कार्य प्रतिवेदन तयार गर्ने परामर्शदाता संस्थावाट राय, सुझाव र सिफारिस सहितको संशोधित मस्यौदा १५ (पन्ध्र) दिन भित्र प्राप्त हुने गरी पत्राचार गर्ने तथा आवश्यक समन्वय गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई दिने निर्णय गरियो।

CamScanner

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या:- १८

निर्णय नं. ७ : फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ साइटको व्यवस्था गर्ने सम्बन्धमा।

यस गाउँपालिकामा फोहोरमैला व्यवस्थापनका लागि यसअघि प्रयोग हुँदै आएको डम्पिङ साइटको जग्गा सम्बन्धी सम्झौता समाप्त भई वैकल्पिक व्यवस्थापन आवश्यक भएकोले सर्वप्रथम उपयुक्त सार्वजनिक जग्गा उपलब्ध भए/नभएको सम्बन्धमा आवश्यक अध्ययन तथा खोजी गर्ने निर्णय गरियो। सार्वजनिक जग्गा उपलब्ध हुन नसकेको अवस्थामा प्रचलित कानुन तथा आर्थिक कार्यविधिबमोजिम उपयुक्त निजी जग्गा उपलब्ध गराउन इच्छुक जग्गाधनीबाट सार्वजनिक सूचना आह्वान गरी प्रस्ताव माग गर्ने, प्राप्त प्रस्तावहरूको प्राविधिक तथा प्रशासनिक मूल्याङ्कनबाट उपयुक्त जग्गा छनोट गर्ने, आवश्यकताअनुसार मासिक वा वार्षिक भाडामा लिने गरी भाडा दर, सम्झौताको अवधि तथा अन्य शर्तहरू निर्धारण गरी कानुनी प्रक्रिया पूरा गर्दै सम्झौता सम्पन्न गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आवश्यक प्रक्रिया अगाडि बढाउने अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ८ : कार्यविधिहरु टेबल गर्ने सम्बन्धमा।

गाउँपालिकाका विभिन्न शाखा/उपशाखाबाट प्रारम्भिक मस्यौदा तयार भई पेश भएका देहाय बमोजिमका कार्यविधिहरू बैठकमा टेबल गर्ने निर्णय गरियो। उक्त कार्यविधिहरूमाथि आवश्यक अध्ययन, छलफल तथा राय सुझाव प्राप्त गरी आवश्यक संशोधन एवं परिमार्जनसहित आगामी कार्यपालिका बैठकमा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो:

देहाय:

(क) अपाङ्गता भएका व्यक्तिहरुको परिचय-पत्र वितरण कार्यविधि,२०८३

(ख) विद्युतीय हाजिरी प्रणाली सञ्चालन कार्यविधि, २०८३

(ग) औपचारिक, अनौपचारिक र स्वरोजगार क्षेत्रमा रहेका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्धता कार्यविधि, २०८३

CamScanner